
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७९ पृष्ठ : ४ २०७७ असोज १६ गते शुक्रबार (Friday 2 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

## शिक्षक सरुवा यथास्थितीमा राख्न अदालतको आदेश

लहान । लहान नगरपालिकाले गरेको शिक्षक सरूवाको निर्णय कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितीमै राख्न उच्च अदालतले अन्तिरम आदेश दिएको छ ।

उच्च अदालत जनकपुर, राजविराज इजलासले बिहिबार सो आदेश दिएको हो । गत जेष्ठ २८ गते नगरपालिकाले आधारभूत तहको शिक्षक सरूवाको निर्णय गरेको थियो । नगरपालिकाले नगर प्रहरी मार्फत शिक्षकको घरघरमा पत्र पठाएका थिए । सो विषयमा अदालतको आदेशमा निर्णय र पत्रहरू यो निवेदन टुंगो नलागेसम्म कार्यान्वयन नगर्न भनिएको छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ हाल क्रियाशिल रहेको देखिएको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड(ज)ले स्थानीय


उच्च अदालत जनकपुर, राजबिराज इजलास
संयुक्त इजलास
इजलास नं. ४
माननीय न्यायाधीश श्री शेखरचन्द्र अर्याल
माननीय न्यायाधीश श्री श्यामजी प्रधान
आदेश
मुद्दा नं. ०७७-WO-००२४
मुद्दाः- उत्प्रेषण, निषेधाज्ञायुक्त परमादेश

रमेश प्रसाद चौधरी.............................................१ } निवेदक
विरुद्ध
लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान सिराहा समेत.......................१ } विपक्षी

यसमा अन्तरिम आदेशको छलफलको लागि आजको मिति तोकिएको प्रस्तुत निवेदनमा निवेदक पक्षको तर्फबाट उपस्थित हुनु भएको विद्वान अधिवक्ताहरु श्री गजराज पाण्डे, श्री केशव प्रसाद दास तथा विपक्षी तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री प्रमोदकुमार भट्टराई, श्री कुमुदकुमार भट्टराईले गर्नु भएको बहस समेत सुनियो।

यसमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ हाल क्रियाशिल रहेको देखिएको, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) ले स्थानीय निकायलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार रहेपनि शिक्षकको नियुक्ति र सरुवा सम्बन्धी अधिकार रहेको नदेखिएको, नेपालको संविधानको धारा ३०४ को उपधारा (१) मा संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् भन्ने व्यवस्था रहेको, शिक्षकको सरुवा शिक्षा ऐनको दफा १६(ज) र शिक्षा नियमावलीको नियम ९९ बमोजिम हुने कानूनी व्यवस्था रहेको देखिएको, शिक्षा ऐन, नियमावली बमोजिम जिल्ला शिक्षा कार्यालय तथा जिल्ला शिक्षा अधिकारीबाट सम्पादन भई आएका कामहरु हाल शिक्षा विकास तथा समन्वय इकाइले गर्ने भनी नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७५/१/१९ मा च.नं. १५७० मार्फत सबै शिक्षा विकास तथा समन्वय इकाईलाई पत्राचार गरेको देखिएको अवस्थामा सुविधा र सन्तुलनको दृष्टिबाट विपक्षीहरुबाट राहत कोटामा कार्यरत शिक्षकलाई समेत सरुवा गर्ने गरी भएको मिति २०७७/०२/२८ को निर्णय र सो का आधारमा भएका पत्राचारहरु समेत तत्काल कार्यान्वयन नगरी नगराई प्रस्तुत निवेदनको टुंगो नलागेसम्म यथास्थितिमा राख्न उपयुक्त देखिएकोले उक्त निर्णय र पत्रहरु यो निवेदनको टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। साथै निवेदनको प्रकृति र विषयवस्तु अनुसार प्रस्तुत निवेदनको छिटो टुंगो लाग्नु पर्ने देखिएकोले सबै विपक्षीको लिखितजवाफ परेपछि अग्राधिकार दिई पेश गर्नु। प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिनु।

न्यायाधीश न्यायाधीश
इति सम्वत् २०७७ साल असोज महिना १५ गते रोज ५ शुभम्.....................१

निकायलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार रहेपनि शिक्षकको नियुक्ति र सरूवा सम्बन्धी अधिकार रहेको नदेखिएको आदेशमा उल्लेख छ ।

## 'फूड बैंक' भोको पेटको साथी


जितेश कर्ण

म एउटा व्यवसायी हुँ । सिरहा सदरमुकाम सिरहा बजारमा सानो होटेल छ । त्यही चलाउँदै आएको थिएँ । कोरोनाको बेला क्वारेन्टाइनमा क्यान्टिन सञ्चालन गर्ने अफर आयो । करोनाको डरले कसैले पनि क्यान्टिन सञ्चालन गर्न मानेका थिएनन् र त्यो अफर नगरपालिकाले मलाई दियो । वैशाखदेखि म क्वारेन्टिनमा बसेर क्यान्टिन सञ्चालन गरिरहेको छु । मैले यसलाई यस्तो कहरमा अवसरको रूपमा लिएँ । कोरोना जोखिम त धेरै नै थियो । सुरु सुरुमा सब ठिकठाक भएपनि १५ दिनपछि एकै पटक १८ जनामा कोरोना देखियो । त्यो देखेर सबै त्रसित भए । आतिएका थिए । सबैलाई जसोतसो सम्झाइ बुझाई गरेर काममा लगाएँ । क्वारेन्टिनमा रहेका मानिसहरूलाई खाना, खाजा, तातो पानी खुवाउने जिम्मा लिएँ । अनि होटेल पनि बन्द भएकोले अहिले क्यान्टिन चलाई रहेको छु ।

क्वारेन्टिनमा क्यान्टिन सञ्चालन गर्दा सुरू सुरुमा त मलाई खास डर लागेन । यस्तो अप्ठेरो समयमा सहयोग गर्नुपर्छ भन्ने लाग्यो । धेरैलाई कोरोना संक्रमण देखिँदै थियो । हामीपनि पूर्ण रूपले सावधानी अपनाएर काम गरिरहेकै थियौं । तर क्यान्टिन व्यवस्थापक एक जनालाई पनि कोरोना पोजेटिभ देखिए पछि भने मनमा डर सुरू भयो । म पनि उहाँसंग हाँस्ने बोल्ने गरेको थिएँ । 'पक्कै पनि मलाई संक्रमण देखिन्छ' भन्ने कुरामा ढुक्क थिए । मन साह्रे आतियो । करिब दुई हप्ता क्वारेन्टिनमा बसेँ । त्यस क्रममा मलाई पनि लक्षण देखिए जस्तो लाग्ने । त्यति बेला मनमा अनेकौं कुरा आए । जे पनि कोरोनाकै लक्षण जस्तै लाग्थ्यो । सास फेर्न गाह्रो हुने, साँझ सुतेपछि बिहान उठ्न दिन्न जस्तो लाग्थ्यो । छातीमा केही अड्केको जस्तो हुन्थ्यो । खाना नरूच्ने हुन्थ्यो । एक जना डाक्टर साथी हुनुहुन्छ उहाँलाई दिनमा २० पटक फोन गरेर आफ्नो लक्षण बताउने गर्थे । पछि थाहाभयो त्यो त सब डराएर रहेछ । 'वनको बाघले खाला नखाला मनको बाघले खान्छ' भनेझैं बाहिर नलागे पनि मन भित्रभित्र मलाई कोभिड भइसकेको थियो । यसबारे कसैलाई भन्न सक्ने

बाँकी ३ पेजमा

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरू :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३३, ९८१६३०७५४,
९८०७८७६६१५






फ्रेन्डस मोडल हसिपटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# ११५ वर्षीय जेष्ठ नागरिक सम्मानित

• बद्री नारायण यादव

सिरहा । अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको



अवसरमा मुक्ति नेपाल गोलबजारले सिरहा नगरपालिका-१२ का ११५ वर्षीय बौएलाल सिंहलाई सम्मान गरेको छ ।

सिंह र ७० बर्षिय लक्ष्मण दासलाई सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले पौष्टिक आहार सहित फूलको माला, अबिर, दोसल्ला ओढाएर सम्मान गरेका थिए । सो अवसरमा प्रमुख जिल्ला अधिकारी कणेलले दिवसमा मात्र नभई हरेक व्यक्तिले आ-आफ्ना घरका जेष्ठ नागरिकलाई सधै सम्मान गर्नुपर्ने बताए ।

हरेक व्यक्ति जेष्ठ नागरिकको अवस्थामा पुग्ने निश्चित रहेको हुँदा जेष्ठ नागरिकको सम्मान र रेखदेखको परिपाटि बसाल्यौं भने सबैलाई सहज हुने उनको भनाइ थियो । उनले जेष्ठ नागरिक समाज र परिवारका धरोहरको रूप भएकोले उनीहरूबाट अनुभवको कुरा सिक्न सबैलाई आग्रह गरे ।

सम्मान कार्यक्रमकै अवसरमा प्रजिअ कणेलले अधुरा सडकलाई व्यवस्थित गर्नका लागि निर्माणमा जोड दिनुपर्ने र गाउँको सडक सञ्जाललाई सुदृढ पार्न मेयर, शहरी विकास तथा अन्य सम्बन्धित ठाउँमा आफूबाट हुने पहल गर्ने प्रतिबद्धता जनाउदै सडकलाई मिचेर गाईवस्तु र अन्य सामग्री राखिदै आएको परिपाटी त्यागेर सडक व्यवस्थापनमा सहयोग गर्न सबैलाई आग्रह गरे ।

सिरहा नगरपालिका-१२ सारश्वरको स्वास्थ्य चौकीको भवन निर्माणको जग्गाको सन्दर्भ कोट्याउँदै उनले पोखरी वा अन्य अपायक ठाउँमा नभई सबैलाई पायक तथा बाटोको सहज पहुँच पुग्ने जग्गामा भवन निर्माणको लागि पहल गर्ने विश्वास दिलाए ।

संस्थाकी अध्यक्ष देव कुमारी महराको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम निर्देशक श्याम कुमारी साह, नेपाली कांग्रेसका जीवछ गुप्ता, नेपाल बार एशोसिएसनका अध्यक्ष बीरेन्द्र सिंह, अधिवक्ता गोपी प्रसाद सिंह, सिरहा नगरपालिका-११ का वडाध्यक्ष विनोद कुमार कामती लगायतले समाजमा रहेको जेष्ठ नागरिकको महत्व र आवश्यकता तथा उनीहरूको हेरविचारबारे आ-आफ्ना मन्तव्य राखेका थिए । कार्यक्रममा उदघोषण अभियानकर्मी विशेश्वर दासले गरेका थिए ।

# फूड...

अवस्था पनि थिएन । घरमा भन्यो भने टेन्सन होला भन्ने लाग्थ्यो । काम गर्ने भाइहरूलाई भनूँ भने डरले काम छोडेर जालान् भन्ने लाग्थ्यो । करिब २ हप्तासम्म यसरी नै छटपटी रहेँ । आफ्नो मनलाई बुझाउँदै गएँ । अन्त्यमा रिपोर्ट नेगेटिभ आयो । सबै कुरा नर्मल भयो मेरो खुसीको सीमा रहेन । मृत्युलाई नजिकबाट देखेँ ।

कोरोना कहरको एउटा महत्वपूर्ण पाठ भनेको आफू सुरक्षित हुँदै अरूको पनि केयर गर्नु हो, यो विपद्को घडीमा एक अर्कालाई सहयोग गर्नु हो । सक्नेले नसक्नेलाई सहयोग गरेर हिम्मत साथ बाच्न प्रेरित गर्नु हो किनकि यो कोरोनाले सबैको लागि समान कहर जो लिएर आएको छ ।

रोगसँग मात्र लड्नु परेको भए पो आनन्दले सुरक्षित भएर बस्नु । यहाँ त भोक, सिस्टम सबैसँग लड्नुपर्ने स्थिति आयो । त्यसैले पनि यो कहरमा मलाई घरभित्र मात्र बस्नु मेरो मनले दिएन । उसै पनि अरूलाई सहयोग गर्न मन लाग्ने मेरो बानी भएकोले होला मलाई बाहिर रोगले चुनौती दिएपनि बाहिर निस्कनु सकसक हुन्थ्यो । फेरि म बाहिर लखरलखर डुल्न निस्केको पनि त होइन । म त यस्तो अप्ठ्यारो अवस्थामा अप्ठ्यारोमा परेकाहरुप्रति आफ्नो सामाजिक दायित्व निभाउन पो निस्केको हो त ।

उसै पनि समाजमा बस्ने भएपछि हामी सबैको सामाजिक दायित्व हुन्छ नै । फरक यत्ति हो कसैले त्यसलाई निभाउन कुनै कसर छाड्नु हुन्न भन्ने ठान्छ, कसैलाई त्यसको खास मतलब लाग्दैन । पहिलेदेखि नै समाज सेवा गर्ने रहर थियो । मलाई किन हो किन लकडाउनको सुरूदेखि नै लागि रहेथ्यो जस्तोसुकै अवस्था भएपनि आफ्नो सामाजिक दायित्व निभाउनु पर्छ, बेला यही हो अरूको लागि केही गर्ने भन्ने लागिरहन्थ्यो । झन् समाचारमा 'लकडाउनमा मान्छेहरु भोकै परे, भोकले फलानोको मृत्यु भयो, रोगको भन्दा भोकको चिन्ता' भन्ने जस्ता कुराहरु सुन्दा दिक्क लाग्थ्यो, खुट्टाहरु उसै रोगको पर्वाह नगरी बाहिर निस्केर सकेको सहयोग गरौं भनेर जुर्मुराउथे ।

अन्ततः 'चाहियो भने लिएर जानुस्, भएदिएर जानुस' भन्ने नाराका साथ 'फूड बैंक' जन्मियो । यो लकडाउन र निषेधाज्ञाका कारण मारमा परेका विपन्न र मजदुर परिवारलाई भोकै बस्नु नपरोस् भन्ने उद्देश्यले खाद्यान्न सामग्री पुऱ्याउन 'फूड बैंक'को स्थापना गऱ्यौं । 'फूड बैंक' ले खाद्यान्न वितरण गर्दछ । लकडाउन र निषेधाज्ञाका कारण समस्या परेका विपन्न तथा निम्नवर्गका परिवारहरु भोकै बस्नु नपरोस् भन्ने उद्देश्यले 'फूड बैंक'को स्थापना भयो ।

सिरहा युनाइट्सले भाद्र १० गतेबाट यसको सञ्चालनमा ल्याएको हो । सिरहा युनाइट्स सन् २०११ मा स्थापना भएको हो । यसले स्थापना देखि नै सामाजिक कार्य गर्दै आएको छ । यो कोरोना कहरको समयमा नयाँ केही गरौं भन्ने सोचले पनि 'फूड बैंक' को स्थापना गरेका हौं । खासगरी मैले फेसबुकमा केही फोटोहरु देखेँ यस्तै मनकारी मनहरूले ठाउँ ठाउँमा आफूले सहयोग गरेको । हामीले पनि त त्यस्तो केहीगर्न सक्छौं कि भनेर ७-८ जना साथीहरु मिलेर सल्लाह गऱ्यौं र अभियान सुरु गऱ्यौं । संभवतः प्रदेश २ मा यस्तो अभियान पहिलो पटक सुरु भएको हो । सुरुमा हामी आफैले नै पैसा उठाएर अभियान सुरु गऱ्यौं ।

सिरहा बजारमा स्टल राखेर यो अभियान सुरु गऱ्यौं । पहिलो दिन जम्मा ५ जनालाई खाद्यान्न वितरण गऱ्यौं । त्यसपछि बिस्तारै मान्छेहरु आउन थाले । सामाजिक सञ्जाल फेसबुकबाट लाइभ दिएपछि झन् धेरैले थाहा पाए । २-३ दिनमै भिड यति बढ्यो कि हामीलाई सम्हाल्न गाह्रो भयो । सुरूका दिनमा प्रहरीले अलि चासो दिएको देखेर सिडिओ सरसँग प्रहरी सुरक्षा माग्यौं तर उहाँले त उल्टै बन्द गर्न पो भन्नुभयो । 'हामी तपाईँलाई सुरक्षा दिन सक्दैनौं भिड धेरै छ, बन्द गर्नुस' भन्ने जवाफ दिनुभयो । प्रशासनले झन् उत्साह थपि दिएला भनेको त खिन्नपो बनाइदियो । उहाँको जवाफले केही तनावपनि बढ्यो किनभने मान्छेहरूले हाम्रो आस गर्न थालेका थिए । भरोसा बढेको थियो । बन्द गर्ने अवस्था थिएन । त्यसैले हामीले नै केही गरेर भिड नियन्त्रण गर्नुपर्छ भनेर आफै लागि पऱ्यौं । सुरुमा त भिडभाड नियन्त्रण गर्न हामीलाई धेरै गाह्रो भयो । बिस्तारै सम्झाउँदै बुझाउँदै गयौं पछि समस्या केही कम भयो ।

सर्वप्रथम त भिडभाड धेरै हुने भएकाले भौतिक दूरी कायम गर्नु महत्वपूर्ण कुरा थियो । त्यसका लागि लाइन बनायौं स्यानिटाइजरको प्रयोग गऱ्यौं । गर्भवती, अपाङ्गता भएका र वृद्धलाई पहिलो प्राथमिकतामा राख्यौं । राहत पाइसकेपछि आसपास बस्ने दिएनौं । यसो गर्नाले भिडभाड पनि नियन्त्रण भयो र राहतपनि सहज रूपले वितरण भयो । कोरोना पनि कसैमा देखिएन सुखद पक्ष मान्नुपर्छ ।

अभियान सुरु गरेपछि केही मान्छेहरूले पागलहरूले पागलका लागि काम गर्दै छन् भनेर हाम्रो मजाकपनि उडाए । तर पनि हामी कत्ति पनि हतोत्साहित भएनौं । हामीले अभियानलाई निरन्तरता दिई नै रह्यौं । स्टलमा आउन नसक्नेलाई उहाँहरूले भनेको ठाउँमा राहत पुऱ्याई दिने गर्थ्यौं ।

तराईमा व्याप्त गरिबी र अशिक्षाले गहिरो प्रभाव पारेको छ । मान्छेहरूलाई रोगले भन्दा भोकले मर्ने डर यो कोरोना कहरले झन् वास्तविकतामा परिणत गरिदियो । कोरोनाले बढेको बेरोजगारीले मान्छेहरूलाई भोक भोकै बस्न बाध्य पारेको थियो । खानलाई मात्र होइन बस्नलाई पनि उस्तै समस्या थियो ।

अभियान चलाउने क्रममा धेरै खाले मान्छेहरु भेट्यौं । राहत बाँड्न जाने क्रममा एक जना आमालाई देखेँ जसले ढलमा खाना पकाई रहनु भएको थियो । त्रिपालले छोपेको थियो । उहाँलाई राहत दिने क्रममा उहाँको मुहारमा झल्केको खुसी र आर्सीवाद अझै सम्झना आउँछ । यो त एउटा उदाहरण मात्र हो, त्यस्ता धेरै आउनु भयो । विपन्न तथा निम्न वर्गका परिवार, मजदुरहरु बढी आउँथे जसलाई एक दिन काम नगरे एक छाक खान मुस्किल हुन्थ्यो । पहिले राहतका लागि आउनेहरु धेरै हुन्थे, पछि राहत दिनेहरु पनि बढ्न थाल्यो । फेसबुक, बैंक, इसेवा जे-जेबाट सहज हुन्थ्यो सबैबाट सहयोग आउन थाल्यो ।

सामाजिक काम गर्दा धेरै चुनौति आउँछन् नै । हामीले पनि विभिन्न आरोप प्रत्यारोपको सामना गर्नुपऱ्यो । 'कोरोना सार्ने भए, राहत भन्दै आफैले पैसा खाने भए' जस्ता आरोप खेप्नुपऱ्यो । मान्छेहरूले पनि विश्वास गरेनन् । राहतको नाममा पारदर्शी नहुँदापनि मान्छेहरूलाई शंका लाग्ने रहेछ । राहतका लागि संकलन गरिएको रकम तथा खाद्यान्न र अन्य सामग्रीहरु राहतमै सक्नुपर्छ भन्ने लाग्छ । यो अभियानबाट धेरै लाभान्वित भए । लकडाउन तथा निषेधाज्ञा खुलेपछि अभियान बन्द भएको छ तर राहत वितरण कार्य भने जारी नै छ । कसैलाई आवश्यकता परेको खण्डमा फोन आयो अथवा अप्ठेरोमा परेको देखे सुनेपछि हामीअझै पनि घरमै गएर खाद्यान्न उपलब्ध गराउँछौं ।

समाज हाम्रो हो । यो समाजको लागि हामीले नगरे कसले गर्छ । अबको बिजेनशलाई समाज केन्द्रित गर्नुपर्छ । आफूले सकेको समाज सेवा पनि गर्नुपर्छ । त्यसले सबैको भलो गर्छ नै आफैलाई पनि आनन्दको अनुभूति हुन्छ । बरू सरकारले पनि समाजमा यसरी काम गरिरहेका मनहरूलाई अझ काम गर्न, सेवा गर्न उत्साह थप्नुपर्छ । हामीले सरकारलाई चुनौति दिन यस्तो गरेको पक्कै पनि होइन, हामी त यस्तो विपद्को घडीमा सरकार सँगसँगै हातेमालो गरेर यो कहरको सामान गर्न चाहन्छौं । *कोरोना खबरबाट*

# प्रदेश २ मा कोरोनाबाट ६ बर्षीय बालकसहित तीन जनाको मृत्यु

लहान । प्रदेश २ मा कोरोनाबाट बिहीबार थप तीन जनाको मृत्यु भएको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार जनकपुरधाम २ का ६ बर्षीय बालकको मोरंगमा उपचारका क्रममा ज्यान गएको हो । विराट मेडिकल कलेजमा उपचारकै क्रममा ती बालकको मृत्यु भएको थियो ।

यस्तै सप्तरीको विष्णुपुर गाउँपालिका-५ का ६७ वर्षीय पुरुष र सिरहाको गोलबजार नगरपालिका-२ का ७७ वर्षीय पुरुषको पनि कोरोनाबाट मृत्यु भएको छ । सप्तरीका पुरुषको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचारका क्रममा बिहीबार मृत्यु भएको हो । उनी उच्च रक्तचाप, मधुमेह र मिर्गौलाबाट समेत पीडित थिए ।

यस्तै सिरहाका पुरुषको काठमाडौंस्थित ग्रान्डी अस्पतालमा उपचारको क्रममा गत असोज १० गते नै मृत्यु भएको थियो । उनी १० गतेभन्दा अगाडि नै उक्त अस्पतालमा उपचारका लागि भर्ना भएका थिए ।

# बरियारपट्टिमा अपाङ्गता परिचय-पत्र वितरण सुरु

लहान । बरियारपट्टि गाउँपालिकाले बिहीबारदेखि अपाङ्गता परिचय-पत्र वितरण गर्न सुरु गरेको छ ।

अपाङ्ग तथा अशक्तहरू राज्यबाट पाउने सेवा सुविधाबाट बञ्चित नहोस् भन्ने उद्देश्यका साथ गाउँपालिकाले परिचय-पत्र वितरण सुरु गरेको जनाएको छ । बिहीबार एक समारोहबीच गाउँपालिका प्रमुख संतोष कुमार महतोले केहि अपाङ्गलाई परिचयपत्र वितरण गरेर कार्यक्रमको सुरुवात गरेका थिए । उनले गाउँपालिका भरिका अपाङ्ग तथा अशक्तहरूलाई परिचय पत्र वितरण गरिने बताए ।

प्राविधिक कारणले अपाङ्गता परिचयपत्र वितरण रोकिएको गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत रंजित अधिकारी हाजिर भएलगत्तै परिचय पत्र वितरण सुरु भएको हो ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# ओरालो लागेको पूर्वी नेपालको गाउँ 'बस्तीपुर'

## गाउँघर

राजकुमार राउत

सिरहा जिल्लाको एक गाउँ हो 'बस्तीपुर' । त्यसो त सिरहा जिल्लामा दुई तीन वटा बस्तीपुर छन् । व्यक्तिबाट परिवार, परिवारबाट समाज अनि समाजसँगै गाउँ, बस्तीको निर्माण हुन्छ । तर धेरैजसो बस्तीलाई 'पुर' जोड्ने चलन भने मधेसमा मात्र होइन पहाड, हिमालमा समेत पौराणिक चलन चल्तीको नै हो । बस्ती भएको ठाउँलाई 'पुर' किन जोडियो भन्ने खोज र अनुसन्धानको विषय बाँकी नै छ । यसतर्फ पनि अध्ययन अनुसन्धान हुन जरूरी छ । र, यसबारेमा पनि पछि खोज गरौंला ।

तर आज मैले उठान गर्न खोजेको विषय भने 'पुर' नभई 'बस्ती' को हो । अझ भनौं, त्यही 'बस्ती' र 'पुर' जोडिएको 'बस्तीपुर'को बारेमा हो । चर्चित 'बस्तीपुर' अहिलेको रेखांकनमा लहान नगरपालिका-१४ नम्बर वडामा पर्छ । जसको पृष्ठभूमि र इतिहासको हिसाबले बस्तीपुर एक ताका अत्यन्तै आभूषण बोकेको गाउँ थियो । उम्दो लहान सहरदेखि ५ किलोमिटर उत्तर पश्चिममा बस्तीपुर गाउँ अवस्थित छ । त्यही बस्तीपुरले देशको अनेकन राष्ट्रिय व्यक्तित्व देखि इतिहास बोकेको व्यक्तिहरूलाई जन्म दियो । त्यो गाउँ हो 'बस्तीपुर' ।

१९९७/९८ सालतिर यो गाँउको बसोबास सुरू भएको मानिन्छ । बस्तीपुरको संरक्षक र संस्थापकको रूपमा कुलदीप गिरि देखि गौरीनारायण गिरि, मित्रलाल गिरि सम्म थिए । राणा शासनकालको जुद्ध शमशेरको पालादेखि नेपाली कांग्रेसको शेरवहादुर देउवाको शासनकाल सम्म हरेक सत्ता र शासनमा यी गाउँका व्यक्तिहरूको उच्चतम पकड रहेको समाज र इतिहास साक्षी छ ।

कुलदीप गिरि खोटाङको पाथिकाबाट सिरहाको बस्तीपुरमा बस्न थालेपछि उनले आफ्नो जीवनकालको उतरार्द्धसम्म ४२०० सय विघा जग्गा सम्पति जम्मा बनाएका थिए । कुलदीप गिरिको छोरामध्ये गौरि नारायण गिरि राणाशासन कालका शासकहरूको अत्यन्तै समीप र नजीकका व्यक्तिको रूपमा थिए । उनी त्यसताका पनि ठूलो समाजसेवीको स्पमा चर्चित थिए । जनकपुरको धार्मिक नगरीमा पनि अनेक धर्मशाला, धार्मिक कृतिहरू शिक्षा दिक्षातिर, समाजसेवातिर काम गरेका थिए । अहिले पनि मिल्स एरिया, रामाहोटलदेखि भानु चोकसम्म गिरिहरूको नै बर्चश्व रहेको बुझ्नेले बुझेका छन । तर अपसोचको कुरा उनी बस्तीपुरको मुख्य वासिन्दा हुँदा जति जनकपुर सहरलाई ध्यान दिए त्यत्ति बस्तीपुर लाई ध्यान दिएनन् । त्यसो त खासै नकारात्मक मूल्याङकन पनि उनको छैन लक्ष्मी नारायण मदीर, बस्तीपुर हाईस्कुल, नुहाईधुवाई गर्ने वस्तुभाउलाई पानी खाने स्थानको स्पमा सार्वजनिक पोखरी निमार्ण गरेका थिए ।

जनश्रुति र बूढापाका व्यक्तिहरूका अनुसार जुद्धशमशेर, पदम शमशेर र मोहन शमशेर सम्म राम्रो सम्बन्ध गौरी नारायण गिरिको थियो । उनले तन मनले चाहेको भए आफ्नो पालामा केहि न केहि उल्लेख कामहरू बस्तीपुरका लागि गर्न सक्थे । गिरि वंशको दोस्रो पुस्तामा रूद्रप्रसाद गिरि, डा. तुलसी गिरिहरूको २०१७ सालदेखि २०४५ सालसम्मको पञ्चायती शासनकालमा अत्यन्तै उच्चतम हालीमुहाली थियो । तिनीहरू पञ्चायती शासनकाल भरी नै आफ्नो वचर्श्व र प्रभुत्व कायम गर्न सफल थिए । राजादेखि प्रधानमन्त्री, मन्त्रीहरू, अञ्चलाधीशहरू, सी.डी.ओ., तत्कालीन जिल्ला पञ्चायत सभापतिहरू डा. तुलसी गिरि र रूद्रप्रसाद गिरिको कुरा काट्न सक्तैनथे, तर बस्तीपुर उनीहरूको चलनचल्तिदेखि आजसम्म एउटा सामान्य गाउँ जस्तो छ ।

इतिहास निर्माणका सन्दर्भमा अवलोकन र समीक्षा गर्दा डा. ईश्वर बराल जो प्रथम श्रेणीको राष्ट्रका सहित्यकार तथा नेपाली कांग्रेसका संस्थापक सदस्य थिए । उनीद्वारा लिखित कृतिहरू आज पनि नेपाली साहित्यका विद्यार्थीहरूका लागि पी.एच.डी. र एम.ए. को पाठ्यक्रम मै छन् । उनका भाइ त्यसबेलाका चर्चित इन्जिनियर अशोक बराल अमेरिकी



सरकारको आहवानमा अमेरिकी योजनाहरू निमार्ण गर्न गएका थिए । जो आजपनि चर्चित इन्जिनियरको रूपमा अमेरिकामै छन । उनको अर्को भाइ नेपालका सर्वश्रेष्ठ बाल विशषेज्ञ डा. मणिन्द्र रन्जन बरालको बारेमा सबैलाई थाहा छ । पदम नामेश्वर बराल जो २००४ सालदेखि बस्तीपुर हाई स्कूलको संस्थापक हेड मास्टरको रूपमा त्यसताका देशका १०-१५ जना नामी हेड मास्टरमा गनिन्थ्यो ।

साधारण आकडाका अनुसार कति इन्जिनियर र कति डाक्टर भन्ने गन्ति गरेर साध्य हुँदैन् । बराल परिवारमै डा. निर्मल बराल जो अहिले बिपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डीन छन् । बराल परिवारकै निरन्जन बराल का.मु. गृह सचिव सम्म भएका थिए । खेमरन्जन बराल राष्ट्रिय वाणिज्य बैंकका केन्द्रीय कार्यालयमा महाप्रबन्धक सम्मको ओहदा पाएका थिए । गिरि परिवार कै अर्को चर्चित व्यक्तित्व प्रथम महिला चित्रकार डा. प्रमिला गिरि नेपाली कांग्रेसका ठूला नेता मित्रलाल गिरीका छोरी तथा वर्तमान सांसद प्रदीप गिरिका दिदी हुन् । पत्रकारिता विषयमा न्यूयोर्कबाट पी.एच.डी. गरेकी डा. मन्जुला गिरि समाज सेवाको नाउँमा आफ्नो सिंगो जीवन अविवाहित राखी हालसम्मा पत्रकारिता र महिला संस्थाहरू मार्फत लहान आश्रमदेखि लहान बजारसम्म हिडी रहनुभएको हुन्छ । राजेश अधिकारी एसएलसी बोर्ड सेकेण्डको रूपमा बस्तीपुरबाट उत्तीर्ण भै नेपालको ठूलो अफिसरको रूपमा कार्यरत छन ।

मदन गिरि पञ्चायत कालका चर्चित अञ्चलाधीश पनि बस्तीपुरका गिरिहरूका खासै कुटुम्ब नै थिए । पारिजातजस्तो ठूला साहित्यकार पनि बस्तीपुरकै बुहारी थिए । सरिता गिरि जो अनेक पटक सांसद र एक पटक मन्त्री हुँदा पनि नीजको बस्तीपुरसंग बुहारीको नाता भए पनि भावनात्मक सम्बन्ध कहिले पनि रहेको आफूलाई थाहा नभएको वताउँछन राम परिक्षण महतो । आफू १५ वर्षसम्म उनीसँग मधेसी पार्टीमा सँगै काम गर्दा पनि बस्तीपुरको विकासको वारे चर्चा पनि गरेको थाहा नभएको बताउँछन ।

स्थानिय ज्योतिष रामवृक्ष महतोका अनुसार राणाशासन, पञ्चायतकाल, बहुदल र लोकतन्त्र एवं गणतन्त्रकालमा पनि उनीहरूको उच्च पकड रहँदा पनि कहिले पनि उनीहरूले बस्तीपुरको उत्थानको बारे ध्यान दिएनन । खेलकुदका पूर्व अधिकृत एवं स्थानीय वुद्धिजीवि शिव नारायण साहका अनुसार बस्तीपुरमा एक से एक राष्ट्रिय व्यक्तित्वहरू भए पनि सामान्यरूपमा पनि बस्तीपुरमा एउटा राम्रो धर्मशाला, पाटी पौवा, विश्राम स्थल, मनोरञ्जन स्थल, संग्राहलय, पुस्तकालय, गाउँमा कालोपत्रे, कारखाना, अस्पताल स्थापना हुन सकेनन् । तर भयो के भने 'खोलो तऱ्यो, लौरो बिर्स्यो' भनेजस्तै भएको छ ।

अर्का वुद्धिजीवी अजय कुमार पासवानका अनुसार हाम्रो तीन पुस्ता गिरिहरूको कारिन्दाको रूपमा काम गर्दा आफूले यहाँका व्यक्तिहरूको विकास तथा जीवन व्यवस्थापन देखि बस्तीपुरको विकासमा समेत रत्तिभर ध्यान नदिएको बताउँछन ।

अर्को गिरिहरूको नजिकको पात्रको रूपमा रहेको व्यक्तिको रूपमा दाबी गर्ने फूलेश्वर रायका अनुसार प्रदीप गिरिले चाहेको भए प्रधानमन्त्री जस्तै काम गर्न सक्थे तर उनले नचाहेर होला भन्नुपर्छ जनताले सोचेजस्तो काम नगरेको बताउँछन । आजपनि बस्तीपुर गाउँ विकास र उत्थानको बाटोको प्रतिक्षामा छ । स्थानीय अनिल साहका अनुसार गिरि र बराल परिवार देश विदेशमा चर्चित छन् तर 'बत्तिमुनीको अध्यारो' भने झैं बस्तीपुरको दुदर्शा 'कालो वादल मडारिए' झैं मडारिएको अवस्थामा गुज्रिरहेको छ ।

# आयआर्जन गर्न बुहारीलाई अनुदान रकम

**सिरहा** । समग्र जन उत्थान केन्द्र लहान सिरहाले एक



कार्यक्रमको आयोजना गर्दै सिरहा नगरपालिका-१ का ६ घरपरिवारका बुहारीलाई आयआर्जन गर्न अनुदान रकमको चेक हस्तान्तरण गरेको छ ।

भिएसओ नेपालका प्रतिनिधि सुनिल कुमार साहले ६ घरपरिवारका बुहारीलाई चेक हस्तान्तरण गरे । संस्थाले आयआर्जनको सन्दर्भमा बीउ छरेको बताउदै उनले भने, 'अनुदान पाएकाहरूले नियमित रूपमा काम गरिह्यो भने थोरै परिवारबाट सुरूवात भइरहेको कार्यको धेरैले सिकाइको रूपमा लिनेछ ।' संस्थाले माछा हैन कि माछा पार्न थोरै अनुदान दिएर सीप सिकाएको समग्रकी कोषाध्यक्ष मुन्द्रिका कुमार मण्डलले बताइन् । 'कुनै कामको सुरूवात थोरैबाट भएर लगनशिलताको आधारमा पछि गएर धेरै हुन जान्छ,' उनले भनिन्, 'व्यवसाय विस्तारको लागि लगनशिलता चाहिन्छ यदि त्यो भने भयो व्यक्तिको जीवनस्तरमा परिवर्तन आउने निश्चित छ ।'

सिरहा नगरपालिका-१ कि इन्दिला कुमारी पासमान, लक्ष्मीनियाँ कुमारी पासमान, अमृता कुमारी, संजु कुमारी पासमान, बिमला कुमारी सिंहलाई जनही ३० हजार रूपैयाँको चेक हस्तान्तरण गरिएको थियो । त्यसैगरी उर्मिला मेस्तरलाई २८ हजार रूपैयाँको चेक हस्तान्तर गरिएको छ । संस्थाको कार्ययोजना अनुसार आ-आˆनो स्वच्छाले व्यवसायको प्रकार र लागत रकम पठाएको प्रस्तावमा संस्थाले आधा रकम अनुदान दिएको छ ।

सहभागीहरूले बाख्रा र भैंसी पालन गर्ने व्यसाय रोजेका छन । युकेएडको आर्थिक सहयोग भिएसओ नेपाल र इन्टरनेशनल अर्ल्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहान सिरहाले संचालन गर्दै आएको सहज परियोजना अन्तर्गत उक्त रकम हस्तान्तरण गरिएको हो । आयआर्जनमा सहभागी गराउनेहरूलाई १० हप्ता लगाएर व्यवसायीक महत्वबारे शेसन चलाइएको थियो । कार्यक्रम सिरहा नगरपालिका-१ का वडाध्यक्ष महेश कुमार यादवको अध्यक्षतामा भएको थियो ।


कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

# स्थानीय सूचनाको हक कार्यान्वयनमा स्थानीय तहको भूमिका

## पालिका बहस

टंक बहदुर नेगी



**पृष्ठभूमि**

सूचनाको हक लोकतन्त्रको जग हो । सूचनाको हक र लोकतन्त्रबीच माछा र पानीको सम्बन्ध छ भन्ने हामीले सुनेका छौ । राष्ट्रिय सूचना आयोगको पछिल्लो प्रतिवेदन अनुसार विभिन्न निकायहरूले सूचना उपलब्ध नगराएको भनी उक्त आयोगमा जम्मा ११७६ वटा उजुरीहरु परेका छन् भने त्यस मध्ये सबैभन्दा बढी प्रशासन र सञ्चार क्षेत्रमा जम्मा ८४६ वटा उजुरीहरु छन् । हालको दिनमा सूचनाको हक भ्रष्टाचार निवारण र सदाचार कायम गर्ने विषयसँग जोडिएर हेर्ने गरिन्छ ।

जनमत बमोजिम नेपालको संविधान, २०७२ जारी भएपछि राज्यले कोल्टे फेरेकै हो । साबिकको राजनीतिक, प्रशासनिक र वित्तीय संरचनाहरु संघीय मोडलमा फरक रूपले स्थापित हुने क्रममा छन् । लोकतन्त्रको प्रमुख आधारको रूपमा रहेको सूचनाको हक २१ औ शताब्दीमा सबै तहको सरकारको प्राण वायु हो । आजभोलि मिडिया, इमेल, इन्टरनेट, पत्रपत्रिका आदि सूचनाका सशक्त स्रोतहरु हुन् । यदि एक घण्टामात्र विश्वमा इन्टरनेट अवरूद्ध हुने हो भने यसले व्यक्ति, सरकार र नीजि क्षेत्रलाइ कति नोक्सान हुन्छ होला ? यद्यपि, नेपालको सन्दर्भमा भने सूचनाको महत्व रहँदा रहँदै पनि देशको भूगोलको कारणले गर्दा वा यसको पहुँच वा प्रयोगको कमीले प्रसङ्गले भनेजस्तो छाप दिन सकेको छैन । विशेषतः स्थानीय तहहरू नै पहिलो सूचनाको स्रोत, प्रयोगकर्ता, पहुँचकर्ता र कार्यान्वयन क्षेत्र भएकोले सूचनाको हक सम्बन्धी विषय व्यवहारिक रूपमा प्रयोग गर्न यी क्षेत्रहरूको भूमिका अपरिहार्य छ । सूचनानै शक्ति भएकोले सबै नागरिकका लागि यो एक अवसर पनि हो । संघीयता कार्यान्वयनमा स्थानीय तहको प्रमुख दायित्व भनेको जनतालाई सुसूचित गर्नु र सो मार्फत सशक्तीकरण गर्नु पनि हो ।

**सूचनाको हक किन ?**

लोकतन्त्रको अभ्यासमा नागरिकको लागि सूचनाको हक महत्वपूर्ण हुन्छ । आफू कति सार्वभौम छ भन्ने कुरा सूचनाको हकको कार्यान्वयन स्थितिबाट प्रस्ट हुन्छ । Right to Information Audit को अब विश्वव्यापी मान्यता बढेसँगै यसको कार्यान्वयन अपरिहार्य छ । यसको अर्थपूर्ण कार्यान्वयनले नागरिक सन्तुष्टि पनि वृद्धि हुन्छ । वास्तवमा सूचना प्राप्त नहुँदा जनता निराश हुन्छ । उनीहरूलाई आफू लज्जित समेत भएको महसुस हुन्छ । निर्णय प्रक्रियामा सूचना प्रवाह र पहुँचले झन् महत्व राख्दछ । आ.व. २०७६ र ०७७ का लागि करिब १५० स्थानीय तहले पर्याप्त सूचना प्रवाह गर्न र समझदारी गराउन नसक्दा कानुनत तोकिएको समयमा बजेट प्रस्तुत गर्न सकेन । यस्तो घटनाले भविष्यमा अपेक्षित नतिजा आउनेमा शंका उत्पन्न हुने ठाउँहरु प्रशस्त छन् । अतः सूचनाको हकले नागरिकको आकांक्षा, चाहना र मागसंग पनि प्रत्यक्ष राख्दछ । अझ स्थानीय तह विकास निर्माण देखि सेवा प्रवाहको उद्गम विन्दु हुने भएकोले यसको महत्व र औचित्यता थप प्रस्ट हुन्छ ।

**स्थानीय तहमा सूचनाका स्रोतहरु के के हुन् ?**

स्थानीय तहमा रहेका समग्र मानवीय तथा प्राकृतिक स्रोतहरूनै सूचनाका स्रोतहरु हुन् । यद्यपि हाम्रो बुझाइमा अधिकारवाला निकायमा हुने र निर्माण हुने दस्ताबेज र तथ्य तथ्यांकहरु सूचनाका स्रोतहरु हुन । जस्तो कार्यालयबाट देहायबमोजिमबाट हामी सूचना प्राप्त गर्न सक्छौं ।

- नेपालको संविधान अन्तर्गत निर्माण भएका विभिन्न तह( संघ,प्रदेश र स्थानीय) का ऐन, कानुन, कार्यविधि, निर्देशिका ।
- कार्यालयहरुको दस्तावेजहरू: पुर्जा, लेखा सम्बन्धी कागजात, अख्तियारी आदि । विकासनिर्माणसंग सम्बन्धित विषयका फाइलहरु, सूचनाहरु । अनुगमन, मूल्यांकन सूचकहरु, विभिन्न निकायबाट प्राप्त परिपत्र, निर्देशन तथा वोधार्थ जन्य कागजातहरु ।
- प्राकृतिक स्रोतसाधनहरु खुलेको बोर्ड, ब्यानर, प्रकाशित किताब, दस्ताबेज तथा तथ्यांकहरु, स्थानीय तहले गरेका निर्णय, नीतिहरु, कार्यक्रम तथा योजना र, बजेट किताब ।
- स्थानीय तहमा सञ्चालित परियोजनाहरूको कागजातहरु, टेन्डरका कागजातहरु, विलभर्पाइहरू, स्थलगत अवलोकन, सर्भेका रिपोर्टहरु, डी.पी.आर., प्रोफाइल आदि ।
- कार्यालयले गरेका निर्णयहरु, प्राविधिक प्रतिवेदन, लगत इस्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, वडाका सिफारिसहरु, समिति तथा निकायले गरेका माइन्युट, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइका रिपोर्ट तथा अनुसूचीहरु, आन्तरिक तथा अन्तिम लेखा परीक्षणका रिपोर्टहरु, कार्यसम्पादन सम्झौता, कार्य आदेश, सर् जमिन मुचुल्का,कर्मचारीको कार्यविवरण, अधिकार प्रत्यायोजन पत्र ।
- स्थानीय तहका प्रमुख, उप्रमुख, निर्वाचित जनप्रतिनिधि,प्रवक्ता तथा सूचना अधिकारी तथा कर्मचारीहरु, सरकारी कार्यालय तथा अन्य निकायले प्रकाशन गरेका वार्षिक प्रतिवेदनहरु, कार्यालयमा परेका निवेदन, उजुरीहरु, गुनासोहरु आदि ।

**स्थानीय तहको भूमिका**

नेपालमा पछिल्लो संविधान लागू भएपछि ७६१ वटा सरकारहरु अस्तित्वमा आएको कुरा सबैलाई जानकारी नै छ । विशेषगरी ७५३ वटा सरकारहरूले जनताको प्रत्यक्ष सहभागितामा र सहकार्यमा सेवा प्रवाह गर्दै आइरहेको छ । सूचनाको हकको मुख्य प्रयोगशालानै यी स्थानहरु भएकोले अरु सरकार र क्षेत्रहरूको भन्दा स्थानीय तहको भूमिका बढी गहन र अर्थपूर्ण छ र हुनुपर्छ । नागरिकको सुसूचित हुने हक कार्यान्वयनमा यी तहहरूको प्रमुख भूमिका देहाय बमोजिम रहेको छ ।

१. दैनिक नीतिगत तथा प्रशासनिक काम सम्पन्न पछि पनि लामो समय सूचना प्रवाह नहुने भएकोले प्रवक्ता मार्फत उपयुक्त माध्यमबाट सर्वसाधारणलाई जानकारी दिने व्यवस्था गर्ने,

२. सूचना अधिकारीले प्रशासनको समन्वयबिनानै अधुरो र प्रक्रिया नपुर्याइकने सूचना सम्प्रेषण गर्ने गरेको देखिदा सो सम्बन्धमा आधिकारिक ता र प्रक्रिया पुऱ्याइ आवश्यक सूचना वेबसाइटमा अपलोड गर्ने, र विद्युतीय रेकर्ड राख्ने,

३. नयाँ सूचना अधिकारीले कर्मचारी अभावमा लेखा, प्रशासनको समेत काम गर्नु परकोले उसलाई विशेष तालिम दिने र कतिपय स्थानमा जिम्मेवारी नदिईर नपाइ बसेको पाइएकोले उसको क्षमताको भरपुर उपयोग गर्ने व्यवस्था गर्ने,

४. असार मसान्तमा मात्र सूचना प्रवाह गर्ने प्रवृत्ति तोडी नियमित मितव्ययी तवरले चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रगति विवरण स्थानीय मिडियाबाट प्रवाह गर्ने व्यवस्था गर्ने,

५. हेल्पडेस्क प्रभावकारी नभएको पाइएकोले जनतालाई सूचना दिलाउन सरल र छोटो प्रक्रिया अवलम्बन गर्न छुट्टै व्यवस्था गर्ने,

६. अधिकांश दुर्गम स्थानीय तहहरूले नागरिक बडापत्र समेत तयार गरी लागु गर्न नसकेकोले सो सम्बन्धमा सबै सरोकारवालाहरूले यथाशीघ्र तयार गरी नागरिक बडापत्रलाई वेबसाइटमा समेत राख्ने व्यवस्था गर्ने,

७. नागरिक वडापत्रमा अनिवार्य सूचनाको हक सम्बन्धी महल उल्लेख गर्ने,

८. सूचनाको हक कार्यान्वयन सम्बन्धमा कार्यक्रम तथा बजेट नै स्थानीय तहमा कम रहेको पाइएकोले सोको उचित व्यवस्था गर्ने,

९. सूचनाको दुरूपयोग गर्नेलाई दण्ड सजाय दिने र राजनीतिक संरक्षण नगर्ने नीति लिने,

१०. मिडियालाई नियमित प्रगतिको समेत समाचार सूचना संप्रेषण गर्न अनुरोध गर्ने,

११. सूचना आयोगको स्रोत अनुसार अधिकांश स्थानीय तहको वेबसाइट अपडेट भएको नपाइएकोले सो सम्बन्धमा गम्भीर भई सूचना अधिकारीलाई जिम्मेवार र जबाफदेही बनाउने,

१२. स्थानीय तहको सूचना प्रवाहलाई CBS, GIDC र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा आबद्ध गर्ने,

१३. स्थानीय युवा क्लब, आमा समूह, नागरिकसमुह, महिला समूहको संयुक्त पहलमा सूचनाको हक बारे जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने। साथै मिडिया, विद्यालय, सुरक्षाकर्मी, कानुन व्याबसायीहरूसंग छुट्टै अन्तरकृया र छलफल गर्ने व्यवस्था गर्ने,

१४. स्थानीय तहको विद्यालय पाठ्यक्रममा सूचनाको हकसम्वन्धमा सामान्य जानकारी समेट्ने व्यवस्था गर्ने,

१५. योजना छनौट, बजेट निर्माण पूर्व हुने योजना छनौट भेला बढी सहभागीमूलक, समावेशी बनाउन र उल्लेख्य सहभागिताका लागि वडा कार्यालयहरूले समय तालिका निर्माण गरी चरणबद्द सूचना प्रवाह गर्ने। सो कामका लागि स्थानीय मिडिया, विद्युतीय माध्यम, सूचना पाटीलाई बढी प्रयोग गर्ने,

१६. नगररगाउँसभा, बैठक हतारमा सञ्चालन हुने भएको देखिएकोले कम्तीमा ७ दिन अगावै जानकारी दिने व्यवस्था गर्ने, जसका लागि सूचना अधिकारीलाई सक्रिय बनाउने,

१७. स्थानीय तहको बैठक आदिको सूचना एजेन्डा सहित गर्न पत्राचार, इमेल गर्ने व्यवस्था प्रभावकारी बनाउने,

१८. स्थानीय तहमा उपभोक्ता समितिहरूले योजनाको सुरुदेखि अन्त्यसम्म जनप्रतिनिधि, वडा कार्यालय, कार्यपालिका कार्यालय, सम्बन्धित कर्मचारी तथा प्राविधिक कर्मचारीसँग दोहोरो संवाद तथा सहकार्य गर्नु पर्ने भएकोले सो सम्बन्धी छुट्टै सूचना प्रवाह गर्ने ऋजभअपीष्कत तयार गरी संप्रेषण गर्ने,

१९. सेवा तथा सूचना प्रवाह गर्न विशेषतः दुर्गम स्थानीय तहहरूमा हुलाक कार्यालयहरूको सेवा केन्द्र स्थानीय सदरमुकाम नजिक वा भरसक कार्यालय सँगै स्थापना गरी केन्द्र र प्रदेशसँगको लभतधयचपष्लन गर्न स्थानीय तहले आवश्यक समन्वय गर्ने ।

२०. सूचनाको हक कार्यान्वयनलाई कर्मचारीको का.स.मू.को आधार बनाउने,

२१. राष्ट्रिय सूचना दिवस भव्य रूपमा तयारी गरी अर्थपूर्ण तवरले मनाउने व्यवस्था गर्ने

२२. स्थानीय तहमा नेपाली भाषा बाहेक अन्य भाषा बोल्नेहरूको बाहुल्यता भएमा उक्त राष्ट्रियभाषामा स्थानीय मिडियाबाट सूचना प्रकाशन र प्रकाशन गर्ने आदि ।

**व्यवहारिक समस्याहरु**

१. सूचना दिँदा आफ्नो शक्ति गुमिन्छ कि भन्ने संकोच जनप्रतिनिधि र कर्मचारीहरूमा मानसिकता कायम छ,

२. भूगोलको विकटताले इन्टरनेट, मोबाइल(फोन जस्ता सञ्चार माध्यमहरूको पहुँच र प्रयोगको कमी,

३. स्थानीय तहले नियमित पत्रकार सम्मेलन, मिडिया भेटघाट कार्यक्रम सञ्चालन गर्न नसक्नु,

४. दबाब र प्रभावले मात्र समाचार प्रकाशन गर्नु, नियमित विकास निर्माण र सेवाप्रवाहको कामले मिडियामा फ्रेन्च कभर गर्न नसक्नु,

५. सूचना प्रवाहलाई स्थानीय तहले प्राथमिकतामा राख्न नसकेको,

६. केन्द्रदेखि स्थानीय तहसम्म निरन्तर समन्वय र सहकार्य गर्न जी.स.स. लाई बजेट, स्रोतसाधनको अभाव छ,

७. सूचना प्रविधि विज्ञ, कर्मचारीलाई स्थायित्वको लागि स्थानीय तहले नीति निर्माण र बजेट पर्याप्त व्यवस्थापन गर्न नसकेको,

८. उपयुक्त भौतिक पूर्वाधार, दक्ष कर्मचारीको व्यवस्थामा ढिलाइ भएको आदि ।

**निष्कर्ष**

सूचनाको हक कार्यान्वयनमा सबै तहका सरकारको बराबर भूमिका रहन्छ । जुनसुकै कामप्रतिको जवाफदेहिता र पारदर्शिता कायम गर्न यसले महत्वपूर्ण आधार दिन्छ । ढिलो सूचना प्राप्त हुनु भनेको न्याय प्राप्त नहुनु बराबर हो । अतः यसतर्फ अति संवेदनशील हुनुपर्छ।सम्भव भएसम्म सूचना प्राप्त गर्ने विषय निःशुल्क हुनु पर्छ । पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुने भएकोले यो बढ्दो भ्रष्टाचार न्यूनिकरण गर्ने एक अब्बल अस्त्र हो । सूचनाको मूल स्रोतनै स्थानीय तहमा भएकोले र अधिकांश स्थानीय बासीको समस्या समाधान हुने स्थान पनि सोही ठाउँ भएकोले यसको कार्यान्वयमा अरु सरकारको भन्दा स्थानीय सरकारको विशेष भूमिका हुन्छ। संवृद्ध नेपाल सुखी नेपाली को नारा साकार पार्न विशेषत स्थानीय तहले अविलम्ब सूचनाका हक सम्बन्धमा नीति र कार्यक्रमहरु सार्वजनिक गर्दै सो को कार्यान्वयन गरी नागरिकको मौलिक हकको सुनिश्चितता प्रदान गर्नु आजको आवश्यक्ता हो ।*प्रशासन अनलाइनबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)